# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

मिती २०७७/४/२१

## रत्ननगर नगरपालिका पशुपंक्षी शाखाको पशुपालक कृषकहरुमा अपिल
### गाई भैसीको छाला सम्बन्धि रोग (Lumpy Skin Disease)

परिचयः

यो रोग गाईहरुमा एक प्रकारको भाईरस (पक्स समुहको काप्री पक्स भाईरस ) बाट देखिने रोग हो कहिलेकाहि भैसीहरुमा पनि देखिन सक्छ यो रोग पहिला अफ्रिकामा सिमित थियो । सन २०१२ पछि मध्य पुर्व दक्षिण पुर्वी युरोप एशिया काजकीस्थातान बंगलादेश भारत हुदै हाल नेपालमा देखा परेकोमा केहि महिना अगाडीवाट मोरङ झापा हुदै २०७७ श्रावण पहिलो साताबाट राप्ती / खैरहनी र यस रत्ननगर नगरपालिका क्षेत्रमा यसै सगँ मिल्दो जुल्दो लक्षण देखाई गाईहरु विरामी देखा परेको र विरामी गाईको नमुना संकलन गरी राष्ट्रिय पशु पंक्षी रोग अन्वेषण प्रयोगशाला त्रिपुरेश्वरमा परिक्षण गर्दा लम्फि स्किन डिजिज नै भएको जानकारी प्राप्त भएको छ । विरामी गाईहरु केहि मरेको जानकारी भई रहेको हुदा सर्तकता अपनाउनु हुन अनुरोध गरिन्छ ।

**मुख्य लक्षणहरु**

१- आखाँमा कचेरा निकाल्ने / सिगान वग्ने / मुखुमा धेरै फिज निकाल्ने शरिर काप्ने उच्च ज्वरो अउने ।

२- शरिरिरका विभिन्न भागमा विशेष गरी घाटी/ पछाडिको भाग पेट थुन वरिपरि गिर्खा (१०देखि ५०mm सम्मको देखिने ।

३- शरिरिरका विभिन्न भागमा विशेष गरी घाटी/ ह्यकुलो पेट नाईटो पछाडीको भाग फिला घुडा जोर्निहरु सुनिने गरेको देखिने ।

४- यस रोगले दुध उत्पादन घट्ने व्याउने गाई तुहिन सक्ने वाझोपना देखिन सक्ने २० प्रतिशत जति गाई विरामी पर्ने विरामी मध्ये १ देखि ५ प्रतिशत सम्म मर्न सक्ने संभावना रहेको ।

**रोग सर्ने मुख्य तरिका**

१- लामखुट्टे, झिगा, किर्ना आदिको टोकाईको माध्यमबाट ।

२- संक्रमित गाई भैसीको आवत जावत बाट संर्सग बाट ।

३- संक्रमित पशु र स्वास्थ्य पशुलाई उपचारको क्रममा प्रयोग हुने सामाग्रि लगायत अन्य संर्सगबाट

**उपचार तथा रोगथाम**

भाईरल रोग भएकोले ठोस उपचार छैन रोगीको लक्षण अनुसार पशु चिकित्सक र प्राविधिको सल्लाहामा उपचार गर्ने नेपालमा खोप हाल सम्म उपलब्ध छैन । संक्रमित क्षेत्रबाट पशु आवत जावत खरिद विक्री नियन्ण गर्ने लामखुट्टे झिगा, भुसुना आदिको नियन्त्रण गर्ने गोठ र गोठ वरिपरिको वातावरण सफा राख्ने ।

शालिक राम पौडेल
पशु विकास अधिकृत

टुवराज पोखेल
प्रशासकीय अधिकृत